पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

**खण्ड ०८) पोखरा, चैत्र ३० गते, २०८० साल (संख्या २०**

## भाग २

## व्यवसाय प्रवर्द्धन कोष व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**ः पोखरा महानगरपालिकामा नविन प्रविधिमा आधारित सिर्जनशील तथा नवप्रवर्तनात्मक उद्यम व्यवसायहरुलाई समुचित व्यवसायिक वातावरण र वित्तीय लगानीको पहुँच विस्तार मार्फत उद्यमशिलता विकास गरि विस्तारै प्रतिस्पर्धी व्यवसायमा रुपान्तरण गर्न सहयोग पुऱ्याउने हेतुले सार्वजनिक-निजि साझेदारी अवधारणमा स्थापित व्यवसाय प्रवर्द्धन केन्द्रलाई आवश्यक वित्तीय स्रोत परिचालन र कोष सञ्चालनमा मार्गदर्शन गर्न वान्छनीय भएकोले

पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि, २०७९ को दफा २० बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम “व्यवसाय प्रवर्द्धन कोष व्यवस्थापन कार्यविधि–२०८०” रहेको छ।

(२) यो कार्यविधि तूरुन्त लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : (क) "अनुदान" भन्नाले लक्षित वर्गबाट नविनतम सोच र प्रविधिमा आधारित भएर स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरी सञ्चालित नवउद्यम वा व्यवसायलाई निर्धारित मापदण्डको आधारमा सम्झौतामा तोकिएका सर्त पुरा गरेको अवस्थामा साँवा व्याज फिर्ता गर्न नपर्ने गरि कोषबाट प्रदान हुने वित्तीय हस्तान्तरणलाई सम्झनु पर्दछ।

(ख) "उप-प्रमुख" भन्नाले पोखरा महानगरपालिकाका "नगर उप-प्रमुख"लाई सम्झनु पर्दछ।

(ग) "उप-समिति" भन्नाले यसै कार्यविधि अन्तर्गत गठन हुने कर्जा लगानी तथा अनुदान प्रस्ताव मूल्यांकन उप-समितिलाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिका"लाई सम्झनु पर्दछ।

(ङ) "केन्द्र" भन्नाले पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रलाई सम्झनु पर्दछ।

(च) "कोष" भन्नाले पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधिको परिच्छेद ४ को व्यवस्था अनुरुप स्थापित व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्दछ।

(छ) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको " नगर प्रमुख" लाई सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशाकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको "प्रमुख प्रशासकीय अधिकृत" लाई सम्म्कनु पर्दछ।

(झ) "बैंक" भन्नाले कोष बाट प्रदान हुने सहुलियतपूर्ण कर्जा तथा अनुदानको भुक्तनी र असुली उपर गर्ने कार्यमा सहजिकरण गर्न महानगरपालिकासँग सम्झौता गरेको नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ।

(ञ) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

(ट) "महाशाखा" भन्नाले महानगरपालिका महाशाखाहरुलाई सम्झनु पर्दछ।

(ठ) "नवउद्यम" भन्नाले नविनतम सोच र प्रविधिमा आधारित भएर उत्पादनको स्तर तथा बजार विस्तारको योजना सहित सञ्चालनमा आएको तर वृद्धि (growth) को चरणमा प्रवेश गरिनसकेको नयाँ उद्यम व्यवसाय (startup) हरुलाई सम्झनु पर्दछ।

(ड) "लक्षित वर्ग" भन्नाले उद्यम व्यवसाय गर्ने उत्प्रेरणा र नविन सोचका साथ व्यवसाय शुरु गर्न इच्छुक व्यक्ती वा भइरहेको उद्यम व्यवसायलाई थप परिस्कृत, प्रतिस्पर्धी र उन्नत बनाएर स्तरवृद्धि गर्न चाहने उद्यमी व्यवसायी, बैदेशिक रोजगारीबाट

फर्किएका र स्वदेशमा नै स्वरोजगार हुन चाहने युवा, महिला तथा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायलाई सम्झनु पर्दछ।

(ढ) "शहरी योजना आयोग" भन्नाले पोखरा महानगरपालिकाको शहरी योजना आयोगलाई सम्झनु पर्दछ।

(ण) "समिति" भन्नाले यस कार्यविधि अन्तर्गत गठन हुने व्यवसाय प्रवर्द्धन कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(त) "सहुलियतपूर्ण कर्जा" भन्नाले लक्षित वर्गबाट नविनतम सोच र प्रविधिमा आधारित भएर स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरी सञ्चालित नवउद्यम वा व्यवसायलाई विस्तार वा स्तरोन्नती गर्ने प्रयोजनको व्यवसायिक योजनाका आधारमा सम्झौतामा तोकिएका सर्त पुरा गरेको अवस्थामा व्याज रकमको ६० प्रतिशतसम्म ऋणीलाई नै फिर्ता गर्ने गरि कोषबाट प्रदान हुने ऋणलाई सम्झनु पर्दछ।

(थ) "सम्झौता" भन्नाले केन्द्र तथा कोषबाट अनुदान वा कर्जा सुविधा लिने लक्षित वर्गका नवउद्यम वा व्यवसाय र केन्द्र वा कोषविच हुने अनुदान वा सहुलियतपूर्ण कर्जा उपयोग सम्वन्धमा भएको सम्झौतालाई सम्झनु पर्दछ।

(द) "संयोजक" भन्नाले समिति तथा उप-समितिको संयोजकलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## कोष स्थापना तथा व्यवस्थापन

३. **कोषको उद्देश्यः** समुन्नत पर्यटकीय पोखराको दीर्घकालिन लक्ष्य प्राप्त गर्ने महानगर पालिकाको सोच अनुरुप समावेशी स्थानीय आर्थिक विकास हासिल गर्न महानगरपालिका क्षेत्रमा उद्यमशीलता प्रवर्द्धनलाई सहयोग पुऱ्याउन नयाँ व्यवसाय स्थापना र भइरहेकोलाई विस्तार गर्न इच्छुक लक्षित वर्गका लाभग्राहीहरुलाई आवश्यकता र औचित्यका आधार मा अनुदान तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनु कोषको उद्देश्य रहेको छ।

४. दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउनका लागी महानगरपालिकामा एक व्यवसाय प्रवर्द्धन कोष रहनेछ।

५. कोषको आफ्नै बैंक खाता रहनेछ।

६. **कोषको खातामा देहायका स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछः** (१) महानगरपालिकाले वार्षिक रुपमा कोषमा विनियोजन गर्ने रकम,

(२) उद्यमशिलता विकासका कार्यक्रम र परियोजना सञ्चालन गर्न संघ तथा प्रदेश सरकारबाट कोषमा प्राप्त हुने रकम,

(३) निजी क्षेत्र, विकास साझेदार, विभिन्न ट्रष्ट, फाउण्डेशनलगायतका संस्थाहरुबाट

उद्यमशिलता विकास सम्वन्धी कार्यक्रम सञ्चालनार्थ महानगरलाई प्राप्त हुने अनुदान रकम,

(४) केन्द्रबाट सञ्चालन हुने कार्यक्रमका लागि युवा स्वरोजगार कोषलगायतबाट साझेदारी मार्फत प्राप्त हुने रकम, र

(५) केन्द्रको उद्देश्य अनुरुपका कार्यक्रम सञ्चालनार्थ विभिन्न व्यक्ती, व्यवसायिक फर्म वा अन्य संघसंस्थाबाट कानुनबमोजिम स्रोत खुलेको आयबाट (वार्षिक रु. ५ लाखभन्दा बढी रकमको हकमा) दिइने चन्दा, दान, दातव्य वा उपहार रकम। कोषमा रकम सहयोग गर्ने दाताहरुको विवरण नियमित रुपमा सार्वजनिक गरिनेछ।

(६) कोषमा रहेको बचत रकम बैंक तथा वित्तीय संस्थाको मुद्दती वा कल खातामा राखेको अवस्थामा प्राप्त हुने ब्याज आम्दानी।

७. **कोषको रकम देहाय बमोजिमको कार्यमा खर्च हुनेछः** (१) तोकिएको मापदण्ड पुरा गरेका लक्षित वर्गका लाभग्राहीलाई व्यवसाय शुरुवात, विस्तार तथा स्तरोन्नती गर्नका लागी अनुदान प्रदान गर्ने। तर, त्यसरी दिइने अनुदान रकमको योगफल कुल कोषको ५ प्रतिशतभन्दा बढी हुने छैन।

(२) तोकिएको मापदण्ड पुरा गरेका लक्षित वर्गका लाभग्राहीलाई व्यवसाय शुरुवात, विस्तार तथा स्तरोन्नती गर्नका लागी सहुलियतपूर्ण कर्जा प्रदान गर्ने।

(३) केन्द्रको उद्देश्य अनुरुपका नविन र सिर्जनशिल व्यवसायको विकास, सम्भाव्यता अध्ययन, वित्तीय पहुँच विस्तार र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने। तर, यस्ता कार्यक्रममा खर्च हुने रकमको योगफल कुल कोषको १ प्रतिशत भन्दा बढी हुने छैन।

(४) कोषमा जम्मा भएको रकम आगामी एक आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रम तथा प्रदान गर्ने अनुदान र सहुलियपूर्ण कर्जाका लागि आवश्यक पर्ने (प्रक्षेपित) नगद प्रवाहभन्दा बढी भएको खण्डमा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजतपत्र प्राप्त वित्तीय संस्थाको मुद्दती निक्षेप वा सरकारी ऋणपत्रमा लगानी गर्न सकिनेछ।

(५) कोषको आम्दानी र खर्चको हिसाव किताब सरकारी लेखा प्रणाली अनूरुप दुरुस्त राखी कानुनबमोजिम लेखापरिक्षण हुनेछ।

## परिच्छेद – ३

## समिति तथा उप-समिति

८. कोषको कुशल सञ्चालन र अपेक्षित सकारात्मक नतिजा हासिल गर्नमा सहयोग पुऱ्याउनका लागि देहाय बमोजिमको "**कोष व्यवस्थापन समिति**" रहनेछ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : प्रमुख, वित्त व्यवस्थापन महाशाखा

सदस्य : प्रमुख, आर्थिक विकास महाशाखा

सदस्य : विषय क्षेत्र हेर्ने सदस्य, शहरी योजना आयोग

सदस्य : अध्यक्ष, पोखरा उद्योग वाणिज्य संघ

सदस्य : अध्यक्ष, महिला उद्यमी संघ कास्की

सदस्य सचिव : केन्द्र प्रमुख

९. समितिको वैठक आवश्यकतानुसार बस्नेछ। तर, सामान्यतया कम्तिमा तिन महिनाको एक पटक समितिको वैठक वस्नेछ।

१०. समितिको सचिवालय केन्द्रमा रहनेछ।

११. समितिका अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिलाई बैठकमा भाग लिए वापत नियमानुसार भत्ता र खाजा उपलब्ध गराइनेछ।

१२. **समितिको काम, कर्तव्य र अधिकार**: महानगरपालिकाको कार्यपालिकाप्रति उत्तरदायी हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) उप-समितिबाट सिफारिश भई आएका सहुलियतपूर्ण कर्जा तथा अनुदान सम्वन्धी प्रस्तावना उपर छानबिन गरि स्वीकृत गर्ने,

(ख) उप-समितिबाट सिफारिश भई आएका प्रस्तावहरु छानबिनका क्रममा उपयुक्त नदेखिएमा अस्विकृत वा पुनःमूल्यांकनका लागी उप-समितिमा फिर्ता पठाउने,

(ग) कोष सञ्चालनलाई दक्ष र प्रभावकारी बनाउन केन्द्र प्रमुख तथा महाशाखालाई मागदर्शन गर्ने, आवश्यक निर्देशन दिने र सहयोग गर्ने,

(घ) सहुलियतपूर्ण कर्जा स्वीकृत भएका प्रस्तावकहरुलाई ऋण लगानी तथा असुली गर्ने सम्वन्धमा बैंकसँग सम्झौता गर्ने,

(ङ) कोषको रकमबाट सञ्चालित हुने कार्यक्रमका लागी केन्द्रबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याकंन गरि बजेट विनियोजन सम्वन्धी आवश्यक निर्णय गर्ने,

(च) नवप्रवर्तन, उद्यमशिलता विकास र प्रविधि हस्तान्तरणका कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागी संघ तथा प्रदेश सरकार, युवा स्वरोजगार कोष, निजी क्षेत्र र विकास साझेदारहरु सँग समन्वय तथा सहकार्य गर्ने,

(छ) कार्यपालिका र केन्द्रको निर्देशक समितिको मार्गदर्शनमा समावेशी स्थानीय आर्थिक विकास र व्यवसाय प्रवर्द्धन सम्वन्धी आवश्यक अन्य कार्य गर्ने।

१३. कोषको उपयोगितालाई थप प्रभावकारी बनाउने विषयमा आवश्यक सहयोग गर्न देहाय बमोजिमको "**कर्जा लगानी तथा अनुदान प्रस्ताव मुल्याङ्कन उप-समिति**" रहनेछ।

संयोजक : प्रमुख आर्थिक विकास महाशाखा

सदस्य : प्रतिनिधि, वित्त व्यवस्थापन महाशाखा

सदस्य : प्रतिनिधि, सम्वन्धित निजि क्षेत्रको व्यवसायिक संस्था

सदस्य : सम्वन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि

सदस्य सचिव : केन्द्र प्रमुख, व्यवसाय प्रवर्द्धन केन्द्र (पदेन)

(क) उप-समितिको बैठक आवशयकता अनुसार बस्नेछ।

(ख) उप-समितिको बैठक तथा स्थलगत निरिक्षणका क्रममा नियमानुसार भत्ता र खाजा उपलब्ध गराइनेछ।

१४. **उप-समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रको निर्देशक समिति र कोष व्यवस्थापन समिति प्रति उत्तरदायी हुने उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) अनुदान तथा सहुलियतपूर्ण कर्जाका लागी केन्द्रले आह्वान गरेको प्रस्तावनाहरुको प्रारम्भिक छानबिन गरि व्यवसायिक योजना र आवश्यक कागजातहरु रुजु गरी भिन्नाभिन्नै फाइल तयार गर्ने,

(ख) प्राप्त प्रस्तावहरु विस्तृत मूल्यांकन गरी स्थलगत निरिक्षण गर्ने नगर्ने विषयमा निर्णय गर्ने,

(ग) आवश्यकता अनुसार प्रस्तावित व्यवसाय सञ्चालन गर्ने स्थानहरुको स्थलगत निरिक्षण गरी प्रतिवेदन तयार गर्ने,

(घ) सहुलियतपूर्ण कर्जा र अनुदानका प्राप्त प्रस्तावहरुलाई मूल्यांकनका प्राथमिकताक्रम निर्धारण गरि आवश्यक निर्णयका लागि समितिमा सिफारिश गर्ने, र

(ङ) कोष व्यवस्थापन समिति र केन्द्रको निर्देशक समितिको मार्गदर्शनमा उद्यमशिलता विकास सम्वन्धी आवश्यक अन्य कार्य गर्ने।

## परिच्छेद-४

## अनुदान तथा सहुलीयतपूर्ण कर्जा सम्वन्धी प्रस्ताव

१५. **प्रस्ताव आह्वानः** नयाँ उद्यम शुरुआत गर्न तथा भइरहेको व्यवसायको विस्तार वा स्तर वृद्धि गर्न प्रविधि हस्तान्तरण, लागत न्यूनिकरण तथा उत्पादकत्व अभिवृद्धि सम्वन्धी विशिष्टिकृत कार्यका लागि उद्देश्य तथा औचित्य स्पष्ट खुलेको र व्यवसाय शुरुआत तथा स्तरवृद्धीका लागि आवश्यक पर्ने स्रोत साधन (वित्तीय सहित), उपकरण, विषय विज्ञता र लागत साझेदारी वा अन्य कुनै निकायबाट सहुलियतपूर्ण कर्जा सुविधा वा अनुदान प्राप्त गरेको वा गर्ने अवस्था भए सोको विवरण समेत खुल्ने व्यवसायिक योजना सहितको प्रस्ताव र तपशिलका कागजात सहित केन्द्रबाट आवेदन आह्वान गरिनेछ।

(क) वडाको सिफारिस

(ख) लक्षित वर्ग पुष्ठि गर्ने प्रमाण

(ग) आवेदकको नागरिकताको प्रतिलिपि र दुई प्रति फोटो

(घ) कम्पनी वा व्यवसाय दर्ताको प्रमाणपत्र

(ङ) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र

(ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (आवश्यकता अनुसार)

(घ) व्यवसायिक योजनाको ३ प्रति, र

(ङ) आवश्यकता अनुसार अन्य दस्तावेज ।

१६. **प्रस्ताव मूल्यांकनः** दफा (१४) अनुसार संकलित व्यवसायिक योजना सहितका अनुदान तथा सहुलियतपूर्ण कर्जा सुविधाका प्रस्तावहरुलाई उप-समितिले देहायका मापदण्डहरुको आधारमा मूल्यांकन गरेर प्राप्तांकका आधारमा योग्यताक्रम निर्धारण गरि निर्णयार्थ समितिमा पठाउनेछ। उप-समितिले प्रस्तावको प्रकृति र विषयवस्तु हेरी मूल्यांकनको लागि आवश्यकतानुसार सम्वन्धित क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गरी परामर्श लिन सक्नेछ ।

| क्र.सं. | मूल्यांकनका शिर्षक | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १. | व्यवसायमा नविनता तथा सिर्जनशिलता | १५ | ७ बाहेक अन्य शिर्षकमा ७५ % भन्दा धेरै र २५% भन्दा कम अंक दिंदा पुष्ट्याईको आधार प्रस्तुत गर्नु पर्नेछ । |
| २. | सूचना प्रविधिको उपयोग | १० | |
| ३. | स्थानीय कच्चा पदार्थको उपयोग र रोजगारी सिर्जना | १५ | |
| ४. | दलित, जनजाती, उत्पिडित, पिछडिएको क्षेत्र तथा समुदाय र एकल तथा हिंसा पिडित महिला | १५ | |
| ५. | व्यवसायिक सम्भाव्यता (उच्च राम्रो) | १५ | |
| ६. | व्यवसायमा अन्तरनिहित जोखिम (न्यून राम्रो) | १५ | |
| ७. | स्थलगत निरिक्षणको प्रतिवेदन (झुटा विवरण पेश गरे शून्य, प्रस्ताव बमोजिम सही भए पूर्णाङ्क) | १५ | |
| ८. | **कुल** | **१००** | |

१७. **प्रस्ताव स्वीकृतीः** उप-समितिबाट मूल्यांकन र योग्यताक्रम निर्धारण भई आएका अनुदान तथा सहुलीयतपूर्ण कर्जा सुविधाका प्रस्तावहरुलाई समितिले रुजु गरी माग भइ आएको कुल रकम र परिचालन गर्नयोग्य कोषको तुलना गरी स्वीकृती वा अस्वीकृतीको निर्णय गर्नेछ ।

(१) अनुदानको हकमा दफा ७ उपदफा (१) को सिमा भित्र रहेर प्रति अनुदान न्यूनतम रु.५० हजार र अधिकतम रु.१ लाखभन्दा बढी नहुने गरी प्रस्ताव स्वीकृत गर्नुपर्नेछ।

(क) कुनै पनि अनुदानको रकम एक आर्थिक वर्षमा प्रदान गर्ने कुल अनुदान रकमको १० प्रतिशतभन्दा बढी हुने गरी प्रस्ताव स्वीकृत गरिनेछैन।

(ख) एक आर्थिक वर्षमा अनुदानका लागि संकलन भएका कुल प्रस्तावको ५० प्रतिशतभन्दा कमलाई मात्र अनुदान दिने गरि प्रस्ताव स्वीकृत गरिनेछैन।

(ग) एकै आर्थिक वर्षमा नेपाल सरकारका अन्य निकाय वा कार्यक्रमबाट अनुदान लिएको वा कोषबाट २ पटकभन्दा बढी अनुदान सुविधा लिएको प्रस्तावकको एकै प्रकृतीका प्रस्तावलाई स्वीकृती दिइने छैन।

(२) सहुलीयतपूर्ण कर्जा सुविधाको हकमा सामान्यतया प्रति प्रस्तावक न्यूनतम २ लाख र अधिकतम ५ लाखसम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

(क) विशेष परिस्थितीमा र व्यवसायिक रुपमा अत्यन्तै आकर्षक प्रस्तावको हकमा कुनै पनि सहुलियतपूर्ण कर्जाको रकम एक आर्थिक वर्षमा प्रदान गर्ने त्यस्तो कर्जाको १० प्रतिशतभन्दा बढी हुने गरी प्रस्ताव स्वीकृत गरिनेछैन।

(ख) एक आर्थिक वर्षमा सहुलियतपूर्ण कर्जाका लागि संकलन भएका कुल प्रस्तावको ५० प्रतिशतभन्दा कमलाई मात्र त्यस्तो कर्जा स्वीकृत गरिनेछैन।

(ग) एकै आर्थिक वर्षमा नेपाल सरकारका अन्य निकाय वा कार्यक्रमबाट सहुलियतपूर्ण कर्जाका सुविधा वा कोषबाट २ पटकभन्दा बढी त्यस्तो कर्जा सुविधा लिएका प्रस्तावकको एकै प्रकृतीका प्रस्तावलाई स्वीकृती दिइने छैन।

(३) कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर कालोसूचीमा परेका र फौजदारी अपराधमा दोषी ठहर भएका प्रस्तावकको प्रस्ताव सहुलियतपूर्ण कर्जा सुविधा तथा अनुदानका लागि स्वीकृत गरिनेछैन।

## परिच्छेद-५

## बैंक मार्फत कारोबार गर्ने

१८. **बैंक छनौट गर्नुपर्ने:** केन्द्रको निर्देशक समिति तथा नगर कार्यपालिकाको समन्वयमा केन्द्रले अनुदान तथा सहुलीयतपूर्ण कर्जा सम्वन्धी कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुपतीपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामध्येबाट एक संस्था छनौट गर्नुपर्नेछ। बैंक छनौटका लागि

केन्द्र खुला रुपमा सुचना आह्वान गरेर वा आपसी सहमतीमा पनि गर्न सक्नेछ।

१९. **कर्जा लगानी तथा असुली**: समितिबाट सिफारिस भइ आएका योग्य प्रस्तावकहरुलाई सहुलियतपूर्ण कर्जा लगानी तथा असुल गर्ने जिम्मेवारी छनौट भएको बैंकको हुनेछ। बैंकले आफ्नो कर्जा लगानी तथा असुली नीति र नेपाल राष्ट्र बैंकले समय समयमा बैंक तथा वित्तीय संस्थाका लागि जारी गर्ने एकिकृत निर्देशिका अनुसार कर्जा लगानी तथा असुल गर्नुपर्नेछ।

२०. **सेवा शुल्क**: बैंकले नेपाल राष्ट्र बैंकको नियमको अधिनमा रही आफ्नो व्यवसायिक रणनीति र प्रतिस्पर्धी बजारको विश्लेषण गरी लाभग्राहीसँग न्यूनतम सेवा शुल्क लिन सक्नेछ।

२१. **ब्याजदर**: सहुलियतपूर्ण कर्जाको ब्याजदर केन्द्रको निर्देशक समितिबाट हरेक आर्थिक वर्षका लागि निर्धारण हुनेछ। त्यसरी ब्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण कर्जा सम्वन्धी नीति नियम, कोषका साझेदार संस्थाको नियम तथा प्रतिस्पर्धी बजारको अवस्थालाई आधार मानिनेछ।

२२. **कर्जाको समयावधी**: कोषबाट प्रदान हुने सहुलियतपूर्ण कर्जाको समयावधी अधिकतम ८ वर्ष हुनेछ। तोकिएको अवधी अगावै कर्जा चुक्ता गरेमा लाभग्राहीबाट बैंकले कुनै पनि प्रकारको अतिरिक्त शुल्क वा कमिशन लिन पाउने छैन। तोकिएको अवधीसम्म कर्जा चुक्ता गर्न नसकेमा बैंक र लाभग्राहीले आपसी सहमतीमा कर्जा पुनःतालिकिकरण वा पुनःसंरचना गर्न सक्नेछन्।

२३. **ब्याज अनुदान फिर्ता**: लाभग्राहीले कर्जा चुक्ता गर्दासम्म बैंकलाई भुक्तानी गरेको कुल ब्याज रकमको ६० प्रतिशत कर्जा चुक्ता हुँदाका बखत बैंकले लाभग्राहीलाई नै फिर्ता गर्नुपर्नेछ। तोकिएको अवधीमा कर्जा चुक्ता हुन नसकेर पुनःतालिकिकरण वा पुनःसंरचना भएको हकमा ८ वर्षसम्म तिरेको ब्याजको मात्रै ६० प्रतिशत फिर्ता दिइनेछ।

२४. **सम्झौता गर्नुपर्ने**: हरेक आर्थिक वर्षका लागि छनौट भएको बैंक र केन्द्रका विच सहुलियतपूर्ण कर्जा लगानीका लागि आवश्यक सेवा र सर्त तोकि सम्झौता गर्नु पर्नेछ। सम्झौतामा आपसी छलफल गरि देहायका विषयहरु स्पष्ट रुपमा परिभाषित गर्नु पर्नेछ।

(क) केन्द्र तथा कोषको काम कर्तव्य अधिकार र दायित्व,
(ख) बैंकको काम कर्तव्य अधिकार र दायित्व,
(ग) सम्झौताको समयावधी,
(घ) सम्भावित जोखिम र बाँडफाँटको ढाँचा,
(ङ) अन्य विषय आवश्यक भए।

## परिच्छेद ६
## विविध

२५. **प्रतिवेदन दिनु पर्नेः** आँफुले प्रदान गरेको कर्जा तथा असुली, लाभग्राहीको विवरण तथा कार्यसम्पादनको क्रममा देखा परेका समस्या र चुनौती समेत खुल्ने प्रगती प्रतिवेदन हरेक त्रैमासको अन्त्यका बैंकले केन्द्रलाई र केन्द्रले समिति तथा कार्यपालिकालाई पेश गर्नुपर्नेछ।

२६. **अनुगमन, मुल्याङ्कन र निर्देशनः** बैंक तथा केन्द्रले प्रवाह गर्ने सहुलियतपूर्ण कर्जा तथा अनुदान कार्यक्रमको प्रभावकारिताका विषयमा समिति र कार्यपालिकाबाट प्रत्यक्ष अनुगमन, मुल्याङ्कन  तथा आवश्यक निर्देशन हुनेछ भने सार्वजनिक महत्वका विषयमा आवश्यकता अनुसार सार्वजनिक सुनवाई समेत गरिनेछ।

२७. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

२८. **संशोधन सम्बन्धी व्यवस्थाः** कार्यविधिको कुनै दफा वा व्यवस्था संशोधन गर्नु परेमा नगर कार्यपालिकाको बैठकले गर्नेछ।

२९. **बाधा अड्काउ फुकाउ सम्बन्धीः** कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्चन आईपरेमा प्रचलित कानुनको अधिनमा रही त्यसको फुकाउ गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

**आज्ञाले,**
**प्रमुख प्रशासकीय अधिकृत**